**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आगामी ६ मार्चमा दार्जिलिङ भ्रमणमा आउनुहुने सम्भावना छ।
- प्रधानमंत्री नरेंद्र मोदीले आज राजस्थानको अजमेरमा 14 वर्ष सम्मको आयु भएका बालिकाहरुका लागि राष्ट्रव्यापी ह्यूमन पैपिलोमा वायरस-एचपीवी टीकाकरण कार्यक्रमको शुभारंभ गर्नुहुनेछ।
- गृहमन्त्री अमित शाहले राष्ट्रिय विज्ञान दिवसको अवसरमा देशका वैज्ञानिक र अनुसन्धानकर्ताहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ।
- सर्वोच्च न्यायालयको आदेश पछि निर्वाचन आयोगले आज पश्चिम बंगालको अपूर्ण अंतिम मतदाता सूची प्रकाशित गर्नेछ।
- गोरखा जनमुक्ति मोर्चा अनि कामतापुरी राज्य माग परिषदले आगामी विधान सभा निर्वाचन संयुक्त रूपमा लड्ने निर्णय लिईएको छ।

राष्ट्रपति - दार्जिलिङ भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु आगामी ६ मार्चमा दार्जिलिङ भ्रमणमा आउनुहुने सम्भावना छ। निर्धारित कार्यक्रमअनुसार उहाँ लेबोङमा अवतरण गरी राज भवन दार्जीलिंग पुगेर सर्वसाधारणलाई सम्बोधन गर्नुहुने छ। यस सम्बन्धमा बिस्तृत जानकारी आउनु बाकीनै छ|

**प्रधानमंत्री - गुजरात भ्रमण**

प्रधानमंत्री नरेंद्र मोदीले आज अपरान्ह गुजरातको भ्रमण गर्नुहुनेछ। यस भ्रमणको अवधि श्री मोदीले साणंदमा माइक्रोन टेक्नोलॉजीको अत्याधुनिक सेमीकंडक्टर असेंबली, टेस्ट अनि पैकेजिंग-ATMP सुविधाको उद्घाटन गर्नुहुनेछ। यो ऐतिहासिक अवसर भारतमा निर्मित पहिलो 'मेक इन इंडिया' सेमीकंडक्टर मेमोरी मॉड्यूलको वाणिज्यिक उत्पादन अनि शिपमेंटको औपचारिक शुरुआतको प्रतीक हो। यस अवसरमा केंद्रीय इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णव पनि उपस्थित रहनुहुनेछ।

**पीएम-एचपीवी वैक्सीन**

प्रधानमंत्री नरेंद्र मोदीले आज राजस्थानको अजमेरमा 14 वर्ष सम्मको आयु भएका बालिकाहरुका लागि राष्ट्रव्यापी ह्यूमन पैपिलोमा वायरस-एचपीवी टीकाकरण कार्यक्रमको शुभारंभ गर्नुहुनेछ। यस कार्यक्रमको लक्ष्य प्रतिवर्ष सबै राज्यहरु अनि केंद्र शासित प्रदेशहरुमा 14 वर्ष सम्मका लगभग एक करोड़ 15 लाख बालिकाहरुको टीकाकरण गराउनु हो। यो टीका सरकारी स्वास्थ्य केन्द्रहरुमा निःशुल्क उपलब्ध गराईने छ। टीकाकरण, आयुष्मान आरोग्य मंदिरहरु, सामुदायिक स्वास्थ्य केन्द्रहरु, उप-जिला अनि जिला अस्पतालहरु साथै सरकारी चिकित्सा

महाविद्यालयहरु अनि अस्पतालहरुमा गरिनेछ ।टीकाकरण स्वैच्छिक हुनेछ अनि माता-पिता तथा अभिभावकहरुबाट पूर्व स्वीकृति प्राप्त गरिनेछ। सर्विकल कैंसर देशमा महिलाहरुमा दोस्रो सबै भन्दा आम कैंसर हो। यसको प्रतिवर्ष एक लाख 20 हजार भन्दा अधिक नयाँ मामला अघि आउने गर्दछ अनि लगभग 80 हजार जनाको मृतु हुने गर्दछ।

**राष्ट्रिय विज्ञान दिवस**

आज देशभर राष्ट्रिय विज्ञान दिवस मनाइँदैछ। यो दिन हरेक वर्ष २८ फरवरीमा महान भौतिकशास्त्री सर सी.भी. रमनले **'रमन प्रभाव' को** खोज गरेको सम्झनामा मनाइन्छ। यस अभूतपूर्व खोजको लागि, सर रमनलाई १९३० मा नोबेल पुरस्कार प्रदान गरिएको थियो। राष्ट्रिय विज्ञान दिवसको अवसरमा देशभर विभिन्न विषयवस्तुहरूमा आधारित विज्ञान सञ्चार गतिविधिहरू आयोजना गरिन्छ। विज्ञान तथा प्रविधि मन्त्रालयको विज्ञान तथा प्रविधि विभागले नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रिय स्तरको कार्यक्रम आयोजना गर्नेछ। यस वर्षको विषयवस्तु "विज्ञानमा महिला: विकसित भारतका लागि उत्प्रेरक" छ। यो विषय वस्तुले वैज्ञानिक प्रगतिलाई भारतको विकसित राष्ट्र बन्ने दृष्टिकोणसँग जोड्छ र महिला अनुसन्धानकर्ता र नव प्रवर्तकहरूको भूमिकालाई मान्यता दिन्छ। गृहमन्त्री अमित शाहले यस अवसरमा देशका वैज्ञानिक र अनुसन्धानकर्ताहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ। यो दिनले देशको भविष्यलाई आकार दिने र नवीनता ल्याउने उत्साह र संकल्पलाई पुनर्जीवित गर्नेछ भनि उहाँले आशा व्यक्त गर्नुभएको छ ।

**पश्चिम बंगाल मतदाता सूची**

सर्वोच्च न्यायालयको आदेश पछि निर्वाचन आयोगले आज पश्चिम बंगालको अपूर्ण अंतिम मतदाता सूची प्रकाशित गर्नेछ। यस सूचीमा ती मतदाताहरुको नाम पनि सामेल हुनेछ जसको पहचान पपत्रहरुको सत्यापन विशेष गहन पुनरीक्षण प्रक्रिया अन्तर्गत न्यायिक अधिकारिहरु द्वारा गरिएको छ। मसौदा सूचीमा लगभग 7 करोड़ 8 लाख मतदाताहरुको नाम हुनेछ र यो अंतिम सूचीमा पनि बनिरहने छ। येद्धपि यस सूचीलाई विभिन्न श्रेणिमा विभाजित गरिनेछ। जसको आवेदन स्वीकृत भइसकेको छ उनीहरुको नाम स्वाभाविक रूपमा सूचीमा सामेल हुनेछ। राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले -सूची आज अपरान्ह सम्ममा ऑनलाइन अपलोड गरिने बताउनुभएको छ। मतदाता सूची, निर्वाचन आयोगको वेबसाइट, मुख्य निर्वाचन अधिकारीको वेबसाइट अनि ईसीआई नेट ऐप मा हेर्न सकिनेछ। सबै मान्यता प्राप्त राजनीतिक दलहरुलाई पनि प्रतिहरु पठाईनेछ। यस अतिरिक्त, दुई वटा हार्ड कॉपी जिल्ला निर्वाचन अधिकारिहरुलाई दिईनेछ।

BYTE

**शाह - विज्ञान दिवस**

गृहमन्त्री अमित शाहले राष्ट्रिय विज्ञान दिवसको अवसरमा देशका वैज्ञानिक र अनुसन्धानकर्ताहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु म्हुन्दाई श्री शाहले वैज्ञानिकहरूको निरन्तर अनुसन्धानले देशलाई मार्गदर्शन गर्ने र राम्रो भविष्यको लागि समाधान सिर्जना गर्ने बताउनु भएको छ। उहाँले आशा व्यक्त गर्नु भयो, यो दिनले देशको भविष्यलाई आकार दिने र नवीनता ल्याउने उत्साह र संकल्पलाई पुनर्जीवित गर्नेछ।

**तृणमूल कांग्रेस - राज्यसभा - उम्मेदवारहरू**

तृणमूल कांग्रेस (टीएमसी) ले हिजो राति पश्चिम बंगालमा रिक्त राज्यसभा सीटहरूको लागि आफ्ना उम्मेदवारहरूको नाम घोषणा गरेको छ। एक विज्ञप्तिमा, तृणमूल कांग्रेसले पश्चिम बंगालका सूचना प्रविधि मन्त्री तथा गायक-अभिनेताबाट राजनीतिज्ञ बनेका बाबुल सुप्रियो, पूर्व राज्य पुलिस महानिदेशक राजीव कुमार, वरिष्ठ अधिवक्ता मेनका गुरुस्वामी र अभिनेत्री कोयल मल्लिकलाई मनोनित गरेको बताएको छ। एक आधिकारिक

विज्ञप्तिमा, तृणमूल कांग्रेसले यी उम्मेदवारहरूले नागरिकहरूको अधिकार र मर्यादाको रक्षा गर्न तृणमूलको दृढता र प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताएको छ। पार्टीले तृणमूलको स्थायी विरासत र देशका जनताप्रति अटल प्रतिबद्धतालाई समर्थन गरेको बताएको छ।यद्यपि, पश्चिम बंगालमा भारतीय जनता पार्टीले यी मनोनयनहरूमा तुरुन्तै तीव्र प्रतिक्रिया जनायो। पार्टीले आरोप लगायो कि तृणमूलका आधा राज्यसभा उम्मेदवारहरू गैर-बंगाली हुन्। भाजपाले मुख्यमन्त्री ममता ब्यानर्जीको बारम्बार दोहोरिने बंगाल समर्थक अडानमाथि प्रश्न उठायो।

## गोर्खा जनमुक्ति मोर्चा - प्रेस विज्ञप्ति

गोर्खा जनमुक्ति मोर्चाको केन्द्रीय कार्यालय सचिव दिपेन्द्र देवानले एक प्रेस विज्ञप्तिजारी गर्दै, गोरखा जनमुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष श्री बिमल गुरुङको उपस्थितिमा आफ्नो पहिचान, राष्ट्रिय सुरक्षा तथा आफ्नो भूमि संरक्षणको लागि लामो समयदेखि संघर्षरत गोरखा, आदिवासी, राजवंशी, टोतो, मेचे तथा कामतापुरी समुदायहरूको साझा राजनीतिक भूमिका सम्बन्धी एक महत्वपूर्ण बैठक हिज  सिलगडीको सालबारीस्थित प्रज्ञा भवनमा सम्पन्न भएको जानकारी गराएका छन् ।  बैठक, आगामी विधान सभा निर्वाचनमा यी समुदायहरूले खेल्ने भूमिकाबारे छलफल गर्न आयोजना गरिएको थियो। बैठकमा गोरखा जनमुक्ति मोर्चा र कामतापुरी राज्य माग परिषद बीच आफ्नो-आफ्नो अलग राज्यको मागलाई लिएर भारत सरकारसमक्ष संवैधानिक तथा लोकतान्त्रिक संघर्ष संयुक्त रूपमा अगाडि बढाउने बिषय माथि महत्वपूर्ण सहमति भएको छ। साथै, दुवै संगठनले आगामी विधान सभा निर्वाचन संयुक्त रूपमा लड्ने निर्णय लिईएको छ ।

## ईडी मामिला – जमानत

पश्चिम बंगालको स्कूल सेवा आयोग (एसएससी) का पूर्व अधिकारी शान्ति प्रसाद सिन्हालाई प्रवर्तन निदेशालय (ईडी) द्वारा दर्ता धनशोधन मामिलामा हिज कलकत्ता उच्च न्यायालयले जमानत दिएको छ।न्यायमूर्ति जय सेनगुप्ताको एकल पीठले कड़ा शर्तहरूको साथमा सिन्हाको जमानतको उजुरीलाई स्वीकृति दिए। अदालतले उनलाई 5 लाख रुपियाँको निजी धरौटीमा छोड्ने निर्देश दिएको छ । यसको साथै उनलाई आफ्नो पासपोर्ट जमा गर्ने अनि स्थानीय क्षेत्रदेखि बाहिर नजाने आदेश दिइएको छ जसबाट उनको विदेश यात्रामाथि रोक लागेको छ। अदालतले यो पनि स्पष्ट गरेको छ कि उनले मामिलासित सम्बन्दित गवाहहरूलाई प्रभावित नगरुन् साथै प्रमाणहरूसित छेड़छाड़ नगरून् , साथै उनलाई थाना अनि जाँच अधिकारीहरूलाई दुई वटा सक्रिय मोबाइल नम्बर उपलब्ध गराउने निर्देश पनि दिएको छ ताकि उनीसित लगातार सम्पर्क सुनिश्चित गर्न सकियोस्।शान्ति प्रसाद सिन्हा वर्ष 2022-देखि कथित स्कूल भर्ती घोटालाको मामलामा  न्यायिक हिरासतमा थिए। यसभन्दा पूर्व वर्ष 2024 मा सीबीआई द्वारा दर्ता मामिलामा उनलाई उच्चतम न्यायालयबाट जमानत प्राप्त भइसकेको छ।

## अग्निशमन केन्द्र - जमीन निरीक्षण

खरसाङ खण्ड अन्तर्गत तराइको गाडीधुरा स्थानीयहरूको दीर्घ दिनदेखिको मागलाई ध्यानमा राखेर अग्निशमन केन्द्र निर्माणको निम्ति हिज जमीन निरीक्षण गर्ने कार्य गरियो। जमीन निरीक्षण गर्न क्षेत्रिय कार्यकारि सभासद कल्पना प्रधानको पहलमा जीटीएका विभागीय अधिकारीहरू,अग्निशमन विभागका अधिकारीहरू लगायत विभागीय अभियन्ताहरू तथा स्थानीय जनप्रतिनिधिहरू उपस्थित थिए। यसबारे क्षेत्रिय सभासद कल्पना प्रधान, स्थानीयवासी रोशन विश्वकर्मा अनि धुर्व प्रसाद शर्माले जानकारी दिँदै यसको पहल गरिदिनु भएकोमा जीटीए प्रमुख कार्यपाल अनित थापा लगायत सम्पूर्ण विभागीय अधिकारीहरू तथा अभियान्ताहरूप्रति कृतज्ञता व्यक्त गरेका छन् ।

****** ० ******